# विहादी गाउँपालिका

## स्थानीय राजपत्र

| | | |
|---|---|---|
| खण्ड १० | संख्या ४ | मिति २०८३।०३।२४ |

# भाग १

## विहादी गाउँपालिका

## गण्डकी प्रदेश, नेपाल

## संवत २०८३ सालको ऐन नं. १ मा प्रथम संशोधन

## विहादी गाउँपालिकाको विनियोजन ऐन, २०८३ (प्रथम संशोधन, २०८३)

पारित मिति : २०८३।०३।२४

नेपालको संविधानको घारा २२१ को उपधारा (१) बमोजिम विहादी गाउँसभाले यो ऐन बनाई विहादी गाउँपालिकाको स्थानीय राजपत्र प्रकाशन सम्बन्धि कार्यविधि, २०७५ बमोजिम सर्वसाधारणको जानकारीको लागि यो ऐन प्रकाशन गरिएको छ।

## विहादी गाँउंपालिकाको विनियोजन ऐन, २०८३ लाई संशोधन गर्न बनेको ऐन, २०८३

विहादी गाउँपालिकाको विनियोजन ऐन, २०८३ लाई संसोधन गर्नका लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८३

**प्रस्तावनाः** विहादी गाउँपालिलकाको आर्थिक बर्ष २०८३।०८४ को सेवा र कार्यहरुको लागि गाउँपालिकाको वार्षिक बजेट तथा कार्यक्रममा आ.व. २०८२।०८३ मा कार्यान्वयनमा रहेका तर सम्पन्न हुन नसकेका केही योजनाहरु क्रमागत योजनाका रुपमा थप गरि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप–धारा (२) बमोजिम विहादी गाउँ सभाले यो ऐन बनाएको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भः** (१)यस ऐनको नाम " विहादी गाउँपालिकाको विनियोजन ऐन, २०८३ (प्रथम संशोधन, २०८३)" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२.आर्थिक वर्ष २०८३।०८४ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१)आर्थिक वर्ष २०८३।०८४ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ४७,४९,७०,७६७ (अक्षेरुपी सत्चालीस करोड उनान्पचास लाख सत्तरी हजार सात सय सतसठ्ठी रुपैयामात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

**३. विनियोजनः** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८३।०८४ को निमित्त विहादी गाउँपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने

छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

## अनुसूचि–१

**(दफा २ संग सम्बन्धित)**

**नेपालको संविधानको धारा २२९ (२) बमोजिम**

**संञ्चित कोषबाट विनियोजन हुने रकम**

| क्र.स. | अनुदान संख्या | शिर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | जम्मा |
|---|---|---|---|---|---|
| १ | | गाउँ कार्यपालिकाको कार्यालय, चालु र पूँजिगत खर्च | ३५,६५,८७,३३२ | ११,८३,८३,४३५ | ४७,४९,७०,७६७ |

**आज्ञाले**

थमन बहादुर रेश्मी

प्रमुख प्रशासकीय अधिकृत

विहादी गाउँपालिका
Bihadi Rural Municipality
स्था: २०७३
Est: 2073
समुन्नत विहादी, सम्मानित विहादीवासी